गाउँ कार्यपालिकाको स्वीकृती अनुसार अध्यक्ष द्धारा पेश भएको छार्का ताङसोङ गाउँपालिकाको गाउँपालिका भित्र स्थायी वसोवास गर्ने व्यक्तिलाई जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग (पोषणयुक्त खाना तथा यातायात खर्चवापत) सम्वन्धी कार्यविधि २०७४ नियम ६ भएको पाना पारित गरियो ।

**स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित छार्का ताङसोङ गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने व्यक्तिलाई जटिल प्रकृतिका असाध्यरोग लागेमा गरिने आर्थिक सहयोग ( पोषणयुक्त खाना तथा यातायात खर्चवापत) सम्वन्धी कार्यविधि २०७६**

स्वीकृत मिति : २०७६।०३।११

## छार्का ताङसोङ गाउँपालिका, डोल्पा

यस छार्का ताङसोङ गाउँपालिका भित्र रहेका स्थायी रुपमा वसोवास गर्ने आर्थिक अवस्था न्युन भएका व्यक्तिहरुलाई दिर्घ रोगको पहिचान गरी सोको जानकारी प्राप्त भएपछि गाउँपालिकाबाट पोषणयुक्त खाना तथा यातायात खर्चको लागि न्युनतम दिर्घरोग (असाध्यरोग) को लागि गरिने आर्थिक सहयोग सम्वन्धी कार्यका लागि पारित कार्यविधि ।

नियम :१ आसाभ्य रोगहरु भन्नाले देहायका रोगहरुलाई जनाउदछ ।

(क) मुटुरोग ।
(ख) मृगौला सम्वन्धी रोग ।
(ग) क्यान्सर रोग ।
(घ) अल्जाईमर ।
(ङ) पार्किन्सन ।
(च) व्रेन ट्युमर ।

नियम : २ माथि नियम १ मा उल्लेखित रोगहरुका हकमा देहाय बमोजिम आर्थिक सहायता प्रदान गरिने छ ।

(क) मुटुरोग रु १० हजार
(ख) मृगौला सम्वन्धी रोग १० हजार
(ग) क्यान्सर रोग १० हजार
(घ) अल्जाईमर ५ हजार
(ङ) पार्किन्सन ५ हजार
(च) व्रेन ट्युमर रु १० हजार

नियम : ३ माथी उल्लेखित रोगहरुका अलावा नेपाल सरकारले पहिचान गरेका असाध्य रोगहरुको हकमा पनि लागु हुनेछ ।

नियम : ४ आर्थिक सहायता प्राप्त गर्नका लागि अस्पातालले रोग निदान गरेको पत्र, जिल्ला स्वास्थ्यको सिफारिस तथा वडा कार्यालयको सिफारिस हुनुपर्ने छ ।

नियम : ५ माथि पहिचान नभएका तर असाध्य प्रकृतिका रोग जसले व्यक्तिको दैनिक जिवनमा प्रत्यक्ष असर पार्ने गाउँपालिकाका अध्यक्षलाई लागेमा गाउँकार्यपालिका तथा गाउँसभाबाट अनुमोदन गर्नेगरी आर्थिक सहायता प्रदान गर्न सकिने । यसरी सहायता प्रदान गर्दा एक आर्थिक वर्षमा एक जना व्यक्तिलाई एक पटक भन्दा बढी गर्न सकिने छैन ।

नियम : ६ यो नियम २०७६। । गते देखी लागुहुने छ।